CIVIC ACTION TEAMS

Nepal Coronavirus CivActs Campaign

अंक #८७

०९।९।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## बीमा समितिका अनुसार यि कारणले कोरोना बीमा दाबी भुक्तानी ढिलाई भईरहेको छ

१. दाबी भुक्तनीका लागि कोरोना बीमा मापदण्ड २०७७ ले तोकेको सम्पूर्ण कागजातहरु पुरा भएका फाईलहरुमात्र भुक्तानीका लागि बीमा पुल व्यवस्थापक शिखर इन्स्योरेन्स कम्पनीमा पठाउनुपर्नेमा केही फाईलहरु कागज पुरा नगरेको देखिएकोले ।

२. कतिपय कोरोना परीक्षण रिपोर्ट नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा भेरिफिकेशनका लागि पठाउनुपर्ने भएकोले केही समय लाग्ने भएकाले ।

३. कतिपय बीमा दाबीहरु दोहोरो पर्ने भएकोले पनि भेरिफिकेशन गर्न र दोहोरो भुक्तानी नियन्त्रण गर्न केही समय लाग्ने भएकोले ।

४. असोज र कार्तिक महिनामा बढी संक्रमण भएको र उक्त समयमा बीमा कम्पनीमा कार्यरत कर्मचारी एवं बीमा समितिमा कार्यरत कर्मचारीहरुमा समेत संक्रमण देखिएकोले उक्त महिनामा दाबी भुक्तानी प्रकृया अवरुद्ध हनपुगेकोले ।

*बीमा भनेको नै क्षती हुँदाको सारथी भएकोले सम्पूर्ण बीमित वर्गले दाबी भुक्तानी प्राप्त गर्नेछन् ।*

स्रोत: https://cutt.ly/Vh1zoWp

## नेपाल अपडेट



कोरोनाका कारण बन्द व्यवसायलाई सुचारु गर्न डुंगा मर्मत गर्दै पोखरा फेवातालका डुंगा व्यवसायी

तस्विर: नारायणी सिग्देल

**परिक्षण**

पिसिआर परिक्षण: १८,९६,२५०

पोजेटिभ: २,५६,५९२

उपचाररत: ७,३८४

मृत्यु : १,८०८

सन्चो भएका : २,४७,४००







accountabilitylab NEPAL

# हल्ला र तथ्य



यु.के. मा फेरी कोरोना भाईरसको नयाँ रुप देखापर्‍यो रे । यो त पहिलेको भन्दा पनि बढी घातक हुन्छ रे नि त ?

हो संयुक्त अधिराज्यमा हालै कोरोना भाईरसको नयाँ प्रकार देखा परेको र उक्त भाईरस पहिले भन्दा बढी संक्रामक रहेको भन्दै युरोपियन युनियन र अन्य देशहरुद्वारा तत्कालका लागि संयुक्त अधिराज्य आउने जाने सिधा उडानहरु रद्द गरिएको छ । तसर्थ नेपालले पनि संयुक्त अधिराज्यबाट यात्रा प्रस्थान गरी नेपाल आउने यात्रु र संयुक्त अधिराज्य ट्रन्जिट भई नेपाल आउने यात्रुलाई यही पौष ७ गतेसम्म एयरपोर्टमा ट्रन्जिटमा रहेका बाहेक अर्को सूचना नहुन्जेलसम्म आवागमनमा रोक लगाउने भनेको छ ।

स्रोत: https://ccmc.gov.np/key_decisions/key%20dicision%202077.09.07.pdf



कर्णाली प्रदेशका हरेक स्थानीय तहका सबै बेरोजगारले रोजगारी पाउने भन्ने कुरा आएको छ । वास्तविक कुरा के हो ?

कर्णाली प्रदेशको मुख्यमन्त्री रोजगार कार्यक्रम निर्देशक समितिले वडा अनुसार बेरोजगारहरुको विवरण तत्काल पठाउन पालिकाहरुलाई निर्देशन दिएको छ । वडा अनुसार नै रोजगारीका लागि बजेट विनियोजन गरिएकोले वडास्तरबाटै बेरोजगारहरुको विवरण पठाउन भनिएकोछ । मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि प्रत्येक वडालाई करिब ५० लाख बजेट दिने तयारी गरिएको छ । मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत मन्दिर, पदमार्ग र गोरेटो बाटोको काम गराइने छैन । विगतका वर्षमा आलोचना भएपछि सरकारले यो वर्ष सडक, खानेपानी योजना, सिँचाइ र भवन निर्माण लगायतका विकास निर्माणका कार्यक्रम सञ्चालन गरिने जनाएको छ ।

स्रोत: http://ocmcm.karnali.gov.np/node/507



देश बाहिरबाट दक्ष श्रमिक ल्याउन नपाएर पनि धेरै उद्योग चल्न नसकेको भन्ने सुनिन्छ । के अझै सरकारले विदेशी श्रमिकलाई नेपाल आउन कडाई गरेको हो ।

कोभिड - १९ को प्रभाव अझै सकिनसकेको हुनाले सरकारले त्यस्ता उद्योगलाई सुचारु गर्न "उत्पादनशिल उद्योगका लागि विदेशी श्रमिक ल्याउने सम्बन्धी कार्यविधी, २०७७" लागु गरी विदेशी श्रमिक ल्याउने बाटो खुला गरेको छ । त्यसका लागि उत्पादनशिल उद्योगलाई आवश्यक श्रमिक ल्याउने प्रयोजनका लागि आधिकारिक निकायमा निवेदन दिनुपर्दछ । निवेदनसँग उद्योग दर्ताको प्रमाण पत्र, स्वदेशी वा विदेशी लगानी खुल्ने कागजात, करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी, विदेशबाट श्रमिक ल्याउनुपर्ने औचित्य सहित श्रमिक ल्याउने मुलुक, नेपालमा प्रवेश गर्ने विन्दु र उक्त श्रमिक बस्ने स्थान सहितको विवरण र श्रमिक ल्याउने मुलुक अनुसार श्रमिक संख्या, श्रमिकको नाम र परिचय खुल्ने कागजात संलग्न गर्नु पर्दछ । साथसाथै श्रम स्वीकृति लिन पनि सहजिकरण गर्नुपर्दछ।

स्रोत: https://moics.gov.np/public/uploads/shares/procedure/abbbbbbbbbbbbb.pdf



फेरी कोरोनाका कारण साउदी जान नपाईने भनेको हो सरकारले ?

साउदी अरबको आन्तरिक मन्त्रालयले एक हप्ताका लागि सम्पूर्ण अन्तर्राष्ट्रिय हवाई तथा स्थलमार्गबाट साउदी अरबमा हुने आवागमन स्थगन गरेको जनाएको छ । नागरिकहरुको स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्न सावधानी स्वरुप यो कदम चालिएको जनाउँदै आवश्यक परेमा उडान स्थगनको अवधि लम्बिन सक्ने समेत आफ्नो सूचनामा उल्लेख छ । यसैगरी साउदी सरकारले अर्को सूचना जारी गर्दै कोभिड - १९ संक्रमण नियन्त्रणका लागि ५० जना भन्दा बढी व्यक्ति एकै ठाउँमा भेला हुन प्रतिबन्ध लगाएको छ । यो आदेशको उल्लंघन गर्ने विरुद्ध साउदी रियाल १५००० सम्म जरिवाना हुने पनि जनाएको छ ।

स्रोत: https://cutt.ly/Vh0Txlb

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सितैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट

**३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| देश | नेपाली | संक्रमित | नेपाली संक्रमित | मृत्यु भएका नेपाली |
|---|---|---|---|---|
| साउदी अरव | ३,३४,४५१ | ३,६१,५३६ | ५,२५० | ८४ |
| कुवेत | ७१,१९३ | १,४८,७७३ | २,१५० | १२ |
| बहराईन | २६,००० | ९०,८१७ | ४५१ | ३ |
| कतार | ४,०६,९१७ | १,४२,४४८ | २७,४१२ | १८ |
| युएई | २,२४,९०५ | १,९७,१२४ | ४,५०० | ३९ |
| ओमान | १७,०५७ | १,२८,२३६ | ३०० | १ |
| मलेसिया | ५००,००० | ९८,७३७ | ८१ | |
| दक्षिण कोरिया | ३८,८६२ | ५३,५३३ | २७ | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## कतारमा पनि कोभिड - १९ बिरुद्धको खोप सुरु

कतारमा पनि कोभिड - १९ बिरुद्धको खोप सुरु गारिएको छ । पहिलो चरणमा अहिले सरकारले ७ वटा  हेल्थ सेन्टरहरुमा कोभिड - १९ बिरुद्धको खोप उपलब्ध गाराएको छ ।

**कोभिड - १९ बिरुद्धको खोप उपलब्ध भएका हेल्थ सेन्टरहरु:**

Al Wajba Health Centre
Leabaib Health Center
Al Ruwais Health Center
Umm Slal Health Center
Rawdat Al Khail Health Center
Al Thumama Health Center
Muaither Health Center




पहिलो चरणमा धेरै प्रभावित व्यक्तिहरुलाई यो खोप दिईनेछ । २०२१ मा कतारमा बसोवास गर्ने सबैलाई खोप उपलब्ध गराउने योजना कतार सरकारको रहेको छ ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM),  Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**




## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च



# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल असार मसान्तसम्म हेटौडा उप-महानगरपालिकाले कोभिड - १९ मा गरेको खर्च




२०७७ साल असार मसान्तसम्म हेटौडा उप-महानगरपालिकाले कोभिड - १९ मा जम्मा ९५ लाख खर्च गरेको देखिन्छ । कोभिड - १९ सँगै सम्बन्धीत अन्य स्थानीय तहले गरेको खर्चसँग तुलना गर्ने हो भने यो खर्च थोरै हो । त्यसमाथी हेटौडा, उप-महानगरपालिका भएकोले उसले अन्य साना पालिका भन्दा धेरै ठुलो जनसंख्याको हेरविचार गर्नुपर्ने हुन्छ । जम्मा खर्च मध्ये उसले क्वारेन्टाईन व्यवस्थापन तथा राहत र उद्धारमा केही बढी रकम खर्च गरेको छ । त्यसैले ति खर्च शिर्षको विस्तृत विवरण सार्वजनिक गर्न उपयुक्त हुन्छ । अन्य खर्च शिर्षकलाई भने स्पष्ट तवरले सार्वजनिक गरेको देखिन्छ । त्यसैले यहाँ प्रश्न गर्ने ठाउँ छैन । अन्य पालिकामा देखिएको राहत रकममा भएको ठुलो रकम यहाँ नदेखिनु भने आश्चर्यजनक छ । तसर्थ, अब हुने नयाँ खर्च र अहिलेसम्मको खर्च कम हुनुको कारण बुझ्न जरुरी छ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौँ । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौँ ।

# श्रमले सिकाएको व्यवसाय



काभ्रेपलाञ्चोक जिल्ला पनौती नगरपालिका-३ कुशादेवीका दिनेश घिमिरेलाई जसरी पनि घरपरिवारको हातमुख जोर्न पैसा कमाउनु थियो । उनको आर्थिक समस्या थियो, जसले गर्दा गाउँ नजिकै हाइस्कूल रहेपनि धेरै पढ्न पाएनन् । अर्कोतर्फ, शिक्षामा ब्रेक अनि राजनितीक अस्थिरतासँगै गाउँमा रोजगारीको कुनै अवसर थिएन । उनी पढाई बिचमै छोडेर श्रम गर्न भारत गए । १५ वर्षको उमेरमै तीन वर्ष भारतमा श्रम गरेर नेपाल फर्किए । अब उनमा वैदेशिक रोजगारीमा जाने रहर पलायो । नागरिकता बनाउन प्रकृया बुझ्दा उनको उमेर पुगेन । त्यसपछि दुई वर्ष उमेर थपेर घिमिरेको नागरिकता बन्यो ।

पहिलो पटक कतार जाँदा उनको वास्तविक उमेर १८ वर्ष थियो, तर राहदानीमा २० वर्ष उल्लेख गरिएको थियो । उनको मनमा पैसा कमाउनु पर्छ भन्ने मात्रै थियो । त्यहाँ डिर्पाटमेन्ट स्टोरमा उनले राम्रो अवसर पाए । ११ बर्षसम्म सोही ठाउँमा काम गरे ।

कतार बसाइले उनलाई मेहनत गर्न सिकायो । ११ वर्षपछि नेपाल फर्किएका उनले व्यवसायिक कृषि र पशुपालन बाहेक थप केही सोचेनन् । आफ्नै गाउँमा गाई र भैसिको गोठ बनाए, कुखुरा पाल्न खोर बनाए । गाउँमा आएर लगानी गर्ने भएपछि व्यावसायिक रुपमा अघि बढ्ने हेतुले गौखुरेश्वर कृषि तथा पशु फार्म दर्ता गरे । २०७५ सालमा घरेलु तथा साना कार्यालय, जिल्ला पशुसेवा कार्यालय, कृषि ज्ञान केन्द्र र पनौती नगरपालिकामा व्यवसाय दर्ता गरे ।

सरकारीस्तरबाट कृषि तथा पशुपालनमा लाग्ने युवाहरुको लागि अनुदान तथा सहयोगका राम्रारा्रा योजना देखिएपनि वास्तविक किसानले भने नपाउने गरेको गुनासो उनको छ । चलाख र कागज मिलाउन सक्नेले सहजै अनुदान पाएपनि वास्तविक किसान भने पीडित भएको उनको अनुभव छ । पनौती नगरप(ालिकाले किसानको निम्ती राम्रो काम गरेपनि आफू जस्ता व्यवसायिक कृषकका निम्ती थप कार्यक्रम ल्याउन आवश्यक रहेको उनी बताउछन् ।

वैदेशिक रोजगारबाट फर्किएपछि थप काम गर्न प्राइम बैक बनेपाबाट सहुलियत व्याजमा २० लाख रुपियाँ ऋण लिएर काम गरिरहेका छन् । अहिले उनको फार्ममा एक हजार कुखुरा र २३ वटा गाईभैसी छन् । दुध स्थानीय व्यापारीलाई बेच्छन् भने, मासु काठमाडौंमा ल्याएर बेच्ने गरेकाछन् । कृर्षि व्यवसायबाट अहिले उनले सोचे अनुसारको आमदानी गरिरहेको भए पनि सरकारबाट थप सहयोगको अपेक्षा गरेकाछन् । विषेश गररेर स्थानीय सरकारले ल्याउने योजनाहरुमा रोजगारका कार्यक्रमसँगै उद्यम र व्यवसायलाई प्रोत्स(ाहित गर्ने कार्यक्रम ल्याउनुपर्ने उनको सुझाव छ ।

सही सूचना

# काठमाण्डौ उपत्यकामा विगत १० दिनमा लैंगिक आधारमा देखिएका कोभिड - १९ का संक्रमितको संख्या




लामो समय देखी सबै भन्दा बढी कोभिड - १९ का संक्रमित काठमाण्डौ उपत्यकामा रहेकाछन् । माथिको ग्राफमा काठमाण्डौ उपत्यकामा विगत १० दिनमा देखिएका कोभिड - १९ नयाँ संक्रमितको संख्यालाई देखाईएको छ । यो अवधीमा संक्रमित हुने महिला र पुरुषको दरमा भने कुनै फरक आएको छैन । जहाँ पुरुष संक्रमित हुने दर उच्च छ । उपत्यकामामात्र नेपालको कुल संक्रतिको संख्याको आधा संख्या रहेको छ । तर, चिसो मौषम, र आवतजावमा बन्देज खुला हुनुका बावजुत अहिले नयाँ थपिने संक्रमितको संख्या सोचे जसरी बढेको छैन ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219